## २.दर्ता र दर्ता खारेजी

**१. के व्यावसायिक कारोवार गर्ने सबैले VAT मा दर्ता गर्नु पर्दछ ? क कसले पर्दछ ?**

*सबैले पर्दैन । थ्रेसहोल्ड भन्दा बढीको कर (VAT) लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने तथा तोकिएको स्थानमा तोकिएका वस्तुको कारोवार गर्नेले दर्ता गर्नु पर्दछ।*

**२. Threshold भनेको के हो ?**

*निश्चित रकम सम्मको वार्षिक कारोवार गर्ने साना व्यवसायीले दर्ता गर्नु नपर्ने गरी कानूनले तोके बमोजिमको कारोबार अंक ।*

**३. Threshold हाल कति तोकिएको छ ?**

*स्थानीय कारोबारको हकमा वार्षिक बीस लाख रुपैया र सेवाको हकमा रु दश लाखभन्दा बढीको करयोग्य कारोबार गर्ने व्यक्तिलाई अनिवार्य दर्ता गर्ने व्यवस्था छ भने अर्कोतिर व्यवसायिक प्रयोजनको लागि एक पटकमा दस हजार रुपैयाभन्दा बढीको करयोग्य वस्तु वा सेवा पैठारी गरेमा अनिवार्य दर्ता हुनु पर्ने व्यवस्था रहेको छ ।*

**४. Threshold को निर्धारण कसरी गर्नुपर्दछ ?**

*सामान्यतया खरिद वा बिक्री अंकका आधारमा गरिन्छ तर कहिलेकाँही* **proxy criteria** *का आधारमा पनि गर्ने गरिन्छ । उदाहरणका लागि हाल भएको व्यवस्था अनुरुप कुनै व्यक्तिको टेलिफोन महसुल र घर वहाल गरी वार्षिक एक लाख रुपैंयाभन्दा बढी खर्च भएमा त्यस्तो व्यक्ति अनिवार्य रुपमा दर्ता हुनु पर्दछ ।*

**५. अनिवार्य दर्ता भनेको के हो ?**

*कुनै करयोग्य कारोवारमा संलग्न हुन चाहने व्यक्तिले कारोवार शुरु हुनुभन्दा अगावै वा विगत १२ महिनामा तोकिए बमोजिमको थ्रेसहोल्ड भन्दा बढी कारोवार भएको वा आगामी ३ महिनामा हुने अनुमानित कारोवारको आधारमा थ्रेसहोल्ड भन्दा बढी कारोवार हुने भएमा त्यस्तो व्यक्ति अनिवार्य रुपमा दर्ता हुनु पर्दछ ।*

*कुनै व्यक्तिको टेलिफोन महसुल र घर वहाल गरी वार्षिक एक लाख रुपैंयाभन्दा बढी खर्च भएमा त्यस्तो व्यक्ति अनिवार्य रुपमा दर्ता हुनु पर्दछ ।*

**६. कुन कुन स्थानको कुन कुन कारोवार गर्नेले अनिवार्य रुपमा VAT दर्ता गर्नु पर्दछ ?**

*महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्सचर, फर्निसिंग, अटोमोबाइल्स, इलेक्ट्रोनिक्स, मार्वलको कारोवार गरेमा र कलरल्याब संचालन गरेमा अनिवार्यरुपमा दर्ता हुनु पर्ने व्यवस्था गरेको छ ।*

**७. अनिवार्य रुपमा VAT दर्ता गर्नुपर्ने हार्डवेयरको कारोबार अन्तर्गत के के कारोबार पर्दछन् ?**

*फलाम, डण्डी, सिमेन्ट, कर्कटपाता, रंगरोगन, प्लाइउड, ग्लास तथा धातुका वस्तुहरू काडेंतार, जाली, शीट, किलाकाटा, कब्जा छिस्कीनी, लक, पीक, सावेल समेत)*

**८. अनिवार्य रुपमा VAT दर्ता गर्नुपर्ने सेनिटरी को कारोबार अन्तर्गत के के कारोबार पर्दछन् ?**

*बाथरुम र किचेनमा प्रयोग हुने सम्पूर्ण फिटिगं समेतका सेनिटरी तथा प्लम्बिगंका सामानहरू ( पाइप तथा फिटिंग्स, सेरामिक्स र माटोका टायल्स, धारा भल्भ फिटिंग्स, फलाम, प्लाष्टिकका ट्यांकीहरू, कमोड, बेसिन, सिस्टर्न, बाथटब, सावर, इन्क्लोजर पेनहरू)*

**९. अनिवार्य रुपमा VAT दर्ता गर्नुपर्ने फर्निचर तथा फिक्सचरको कारोबार अन्तर्गत के के कारोबार पर्दछन् ?**

***फर्निचर:***_काठ,धातु वा प्लाष्टिकबाट बनेका सबै किसिमका फर्निचर(टेबल,कुर्सी,सोकेस,दराज आदि)_

***फिक्सचर:***_भित्ता वा सिलिगंमा जडान हुने बत्ती,पंखा,झालर आदि बिजुलीका सामान समेत,)_

**१०. अनिवार्य रुपमा VAT दर्ता गर्नुपर्ने फर्निसिंग को कारोबार अन्तर्गत के के कारोबार पर्दछन् ?**

*पर्दा,कार्पेट,पार्केट,डनलप,मेट्रेस तथा सजावटका सामानहरू ।*

**११. अनिवार्य रुपमा VAT दर्ता गर्नुपर्ने अटोमोबाइल्सको कारोबार अन्तर्गत के के कारोबार पर्दछन् ?**

*दुइ पाग्रें,तिन पाग्रें र सो भन्दा बढी पाग्रें अटोमोबाइल्स,तिनका बडी बनाउने,स्पेयर पार्टस, टायर, ट्युब तथा ब्याटरी समेत ।*

**१२. अनिवार्य रुपमा VAT दर्ता गर्नुपर्ने इलेक्ट्रोनिक्सको कारोबार अन्तर्गत के के कारोबार पर्दछन् ?**

*अडियो, भिडियो प्रोड्क्टस, टेलिकम्युनिकेशन उपकरण, विद्युतले चल्ने सामान, सबै प्रकारका क्यामेरा, कम्प्युटर तथा एसेसरिज र डिजिटल उपकरणहरू सबै - जस्तै:* Audio, Music system, Broadcasting Equipment, Conferencing system, Television, DVD player, Video player, Camera, Mobile phones, Phone, Electric Oven, Washing machine,Vaccum Cleaner, Air Conditioner, Computer and Accessories.)

**१३. साना व्यवसायीले VAT मा दर्ता हुनु पर्छ पर्दैन ?**

*स्थानीय कारोबारको हकमा वार्षिक बीस लाख रुपैया र सेवाको हकमा रु दश लाखभन्दा सम्मको करयोग्य कारोबार गर्ने व्यक्तिले दर्ता गर्नु पर्दैन ।*

**१४. क-कसले VAT मा दर्ता गर्नु पर्दछ ?**

*सामान्यतया विगत १२ महिनामा वस्तुको हकमा रु.बीस लाख र सेवाको हकमा रु.दश लाखभन्दा बढीको मू.अ. कर लाग्ने वस्तु वा सेवाको कारोवारमा संलग्न व्यक्तिले दर्ता हुनु पर्दछ ।*

**१५. के स्थायी लेखा नम्बर (PAN) का लागि दर्ता गर्दा VAT पनि दर्ता गर्नुपर्दछ ?**

***पर्दैन ।*** *आगामी ३ महिनामा हुने अनुमानित कारोवारको आधारमा वा विगत १२ महिनामा वस्तुको हकमा रु.बीस लाख र सेवाको हकमा रु.दश लाखभन्दा बढीको मू.अ. कर लाग्ने वस्तु वा सेवाको कारोवारमा संलग्न व्यक्तिले दर्ता हुनु पर्दछ ।*

**१६.VAT दर्ता प्रमाणपत्र कहाँबाट प्राप्त गर्न सकिन्छ ?**

*आन्तरिक राजस्व कार्यालयहरूबाट ।*

**१७. VAT दर्ता गर्न के के कागजात चाहिन्छ ?**

*स्थायी लेखा नम्बर*(PAN) *लिई सकेको छ भने निवेदन मात्र ।*

*स्थायी लेखा नम्बर* (PAN) *प्राप्त गरेको छैन भने*

- *निवेदन (नियमावलीको अनुसूची १)*
- *तस्वीर ३ प्रति (व्यक्तिगत फर्म भए)*
- *व्यवसाय दर्ता प्रमाण पत्र:*
- *नागरिकताको प्रति (एक प्रा.लि. भए एकलो शेयरधनीको, ,साझेदारी भए सबै साझेदारीहरूको ।*
- *व्यवसाय गर्ने स्थलको नक्सा*
- *आफ्नो घरमा भए जग्गा धनी पूर्जा अर्काको घरमा भए घरधनी संग गरेको घरबहाल सम्झौतापत्र।*
- *कम्पनीको हकमा प्रवन्ध पत्र/नियमावली*
- *कम्पनीको अधिकारनामा* (Power of Attorney)

**१८. व्यवसाय दर्ता प्रमाण पत्र भनेको कहाँ दर्ता गरेको प्रमाणपत्र हो ?**

- *उद्योगको हकमा उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग*
- *कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालय*
- *बाणिज्य व्यापारको हकमा बाणिज्य विभाग*
- *साना व्यापारीको हकमा स्थानीय निकायमा दर्ता भएको प्रमाणपत्र*

**१९. संयुक्त उपकम(Joint Venture) दर्ता गर्न के के कागजात चाहिन्छ ?**

*दुई पक्षबीचको सम्झौता र दुवै पक्षको स्थायी लेखा नम्बर प्रमाणपत्र।*

**२०. VAT दर्ता गर्न कति दस्तुर तिर्नु पर्छ ?**

*दस्तुर तिनु पर्दैन ।*

**२१. VAT दर्ता गर्न व्यवसायको मुख्य व्यक्ति स्वयं कार्यालयमा उपस्थित हुनु पर्दछ ?**

*पर्छ । व्यवसायको मुख्य व्यक्ति स्वयं कार्यालयमा उपस्थित हुन नसक्ने अवस्थामा कानून बमोजिम अख्तियारी दिन सकिन्छ ।*

**२२. म कर छुट र कर लाग्ने दुवै कारोवार गर्छु, के मैले VAT मा दर्ता हुनु पर्दछ ?**

*थ्रेसहोल्ड भन्दा बढीको कर (VAT) लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने,तोकिएको स्थानमा तोकिएका वस्तुको कारोवार गर्नेले दर्ता गर्नु पर्दछ।*

**२३.के सामाजिक संघ संस्था, NGO,INGO ले पनि ख्ब्त मा दर्ता गर्नु पर्दछ ?**

*थ्रेसहोल्ड भन्दा बढीको कर (VAT) लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने,तोकिएको स्थानमा तोकिएका वस्तुको कारोवार गर्ने सामाजिक संघ संस्था, NGO,INGO ले पनि ले दर्ता गर्नु पर्दछ।*

**२४. म अर्को सहरमा कारोवारको शाखा स्थापना गर्न चाहन्छु ? के मैले छुट्टै VAT दर्ता गर्नु पर्दछ ?**

*पर्दैन ।*

**२५. म अर्को सहरमा कारोवारको शाखा स्थापना गर्न चाहन्छु ? मैले के गर्नु पर्दछ ?**

*तपाईंले कारोबार दर्ता गरेको निकायबाट शाखा थपको कागजातका आधारमा निवेदन दिई पहिलेकै दर्ता नं. प्रयोग गर्न सक्नुहुन्छ ।*

**२६. म अहिले कै फर्मबाट थप कारोवार गर्न चाहन्छु ? के मैले अर्को VAT दर्ता नं. लिनु पर्दछ ?**

*पर्दैन । तपाईंले कारोबार दर्ता गरेको निकायबाट कारोबार थपेको कागजातका आधारमा निवेदन दिई पहिलेकै दर्ता नं. प्रयोग गर्न सक्नुहुन्छ ।*

**२७. म एक हप्ताका लागि मेला आयोजना गर्न चाहन्छु ? के मैले VAT दर्ता हुनुपर्छ ?**

*अनिवार्य दर्ताका लागि योग्य हुनुहुन्छ भने दर्ता गर्नुपर्छ ।*

**२८. VAT दर्ताको लागि आवेदन कहिले दिनुपर्छ ?**

*कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु हुनु भन्दा अघि कारोबार दर्ताको लागि तोकिएको ढाँचामा कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ । कुनै व्यक्तिको वार्षिक कारोबार* **ThresholdF** *नाघ्न सक्ने अनुमान गर्न सक्ने अवस्था भएमा सो खुलाई दर्ता गर्नको लागि दरखास्त दिनु पर्नेछ ।अनुमान गर्न सकिने अवस्था नभै कारोबारको रकम* **Threshold** *नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र दरखास्त दिनु पर्नेछ ।*

**२९. म VAT मा दर्ता भई कारोबार गरिरहेको छु, मेरो छोराको नाममा सानो कारोबार गर्न अर्को फर्म दर्ता गरी PAN मात्र लिई सोही पसलबाट कारोबार गर्न चाहन्छु, यसो गर्न मिल्छ कि मिल्दैन ?**

*मिल्दैन । छोराको कारोवार स्वतन्त्र हैसियत ( यस अवस्थामा अर्को छुट्टै ठाँउमा ) हुने भएमा मात्र मिल्छ ।*

**३०. VAT दर्ता नगरेमा के हुन्छ ? कति जरिवाना लाग्छ ?**

*जरिवाना लाग्छ । प्रत्येक कर अवधिको निमित्त दश हजार रुपैयाँ ।*

**३१. सरकारी कार्यालयसँग कारोबार गर्न VAT दर्ता गर्नु पर्दछ ?**

*सरकारी कार्यालयले रु. ५ हजारभन्दा बढीको खरिद गर्दा वा वार्षिक बीस लाख रुपैयांभन्दा बढीको ठेक्कापट्टा दिंदा वा वार्षिक एक लाख रुपैयाभन्दा बढीको परामर्श सेवा लिंदा दर्ता भएको व्यक्ति संग मात्र दिनु लिनु पर्ने व्यवस्था रहेको हुँदा सो अनुसार कारोवार गर्न दर्ता गर्नुपर्दछ ।*

**३२. कति रकम भन्दा बढीको आयात पैठारी गर्न VAT दर्ता गर्नु पर्दछ ?**

*रु.१०,००० भन्दा बढीको ।*

**३३. स्वेच्छिक दर्ता भनेको के हो ?**

*थ्रेसहोल्ड भन्दा कमको कर (VAT) लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिले पनि स्वेच्छाले दर्ता गर्ने प्रक्रिया ।*

**३४.स्वेच्छिक दर्ता गर्दा के फाइदा हुन्छ ?**

- *सरकारी कार्यालयसँग कारोबार गर्न पाईन्छ।*
- *दर्तावाल करदाताले कर बीजक खोज्ने हुँदा दर्तावालसँग कारोवार विस्तार हुन्छ।*
- *आफूले खरिद गर्दा तिरेको कर VAT कट्टी दाबी गर्न मिल्छ।*
- *आफूले संकलन गरेको कर र VAT विवरण चार महिनामा एकपटक विवरण बुझाए पुग्छ।*

**३५. कुन कुन अवस्थामा VAT को दर्ता खारेज गर्न पाइन्छ ?**

*दर्ता खारेजी गर्न सक्ने अवस्थाहरू देहाय वमोजिम छन :*

- *संगठित संस्था भए त्यस्तो संगठित संस्था वन्द, विक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्तो संगठित संस्थाको अस्तित्व कायम नरहेमा ।*
- *व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमा,*
- *साझेदारी संस्था भए त्यस्तो साझेदारी संस्था विघटन भएमा*
- *दर्ता भएको व्यक्तिको कानूनी हैसियत परिवर्तन भएमा*
- *दर्ता भएका व्यत्तिले कर लाग्ने कारोबार गर्न छाडेमा,*
- *कर नलाग्ने हद (threshold) भन्दा बढीको कारोबार गरिरहेकोमा सो हदसम्म वा सोभन्दा कमको कारोबार गर्न थालेमा*

**३६. दर्ता खारेज गर्न के के कागज चाहिन्छ ?**

*दर्ता खारेजीको निवेदन र व्यापार बन्द अवस्थामा भर्नु पर्ने कर विवरण ( अनुसूची -११ ) । निवेदन दिइ सकेपछि कर परिक्षणका लागि आवश्यक कागजातहरू ।*

**३७. दर्ता खारेजको प्रक्रिया के हो ?**

*दर्ता खारेजीको निवेदन र व्यापार बन्द अवस्थामा भर्नु पर्ने कर विवरण ( अनुसूची -११ ) भरेर कार्यालयमा बुझाएपछि १५ दिन भित्र करदाताले लेखा परीक्षणको लागि आफ्नो कागजातहरू पेश गर्नुपर्नेछ । कार्यालयबाट कर परिक्षण गरी परिक्षण बाट कुनै थप दायित्व सिर्जना भए सो र पुरानो कुनै कर बक्यौता भए सो समेत असूल गरी दर्ता खारेज गरी दिनेछ । कार्यालयले तीन महिना भित्र दर्ता खारेजी गरी वा दर्ता खारेजी नहुने भए सो को जानकारी करदातालाई दिनु पर्नेछ ।*

**३८. म स्वेच्छाले VAT दर्ता भएको हुँ र सानो व्यवसाय भएकोमा के म स्वेच्छाले नै दर्ता खारेज गर्न पाउँछु ?**

*स्वेच्छाले आफ्नो कारोबार दर्ता गराएको सानो कारोबार गर्ने व्यवसायीले कारोबार दर्ता गराएको मितिले एकवर्ष पुरा नभएसम्म स्वेच्छाले आफ्नो कारोबार दर्ता खारेजी गर्न पाउँदैन ।*

**३९. म आफ्नो व्यवसाय छोडी अवकाश प्राप्त जीवन विताउन कारोवार छोरालाई हस्तान्तरण गर्न चाहन्छु, के मैले मेरा दर्ता नम्वर मेरो छोरालाई दिन मिल्छ ? मैले के गर्नुपर्दछ ?**

*तपाइको व्यवसाय एकलौटी हो भने आफ्नो दर्ता नम्वर छोरालाई दिन मिल्दैन, तपाईंले छोरालाई कारोवार हस्तान्तरण गरी आफ्नो दर्ता खारेज गर्नुपर्दछ । छोराले नयाँ नम्बर लिई कारोवार गर्नुपर्दछ ।*

**४०. म आफ्नो कारोवार अर्को व्यक्तिलाई विक्री गर्न चाहन्छु, के मैले मेरा दर्ता नम्वर सो व्यक्तिलाई दिन मिल्छ ? मैले के गर्नु पर्दछ ?**

*तपाइको व्यवसाय एकलौटी हो भने आफ्नो दर्ता नम्वर अर्को व्यक्तिलाई दिन मिल्दैन, तपाईंले अर्को व्यक्तिलाई कारोवार बिक्री गरी आफ्नो दर्ता खारेज गर्नुपर्दछ । अर्को व्यक्तिले नयाँ नम्बर लिई कारोवार गर्नुपर्दछ । कुनै कारोबार वा व्यवसाय विक्री वा वन्द भएमा त्यसरी वन्द वा विक्रीको अवस्थामा मौज्दातमा रहेको वस्तु पूजिगत सामान समेत वजार मूल्यमा विक्री भएको मानी प्रचलित दर अनुसार लाग्ने कर बुझाउनुपर्ने हुन्छ ।*

**४१. एक डेढ वर्ष देखि कारोबार नभएकोले मैले शून्य विवरण बुझाउदैं आएको छु, के मैले दर्ता खारेज गर्न पाउँछु ?**

*पाउनुहुन्छ । लगातार एक वर्ष शून्य विवरण बुझाउदैं आएका करदाताले दर्ता खारेज गर्नका लागि आवेदन दिन पाईन्छ ।*

**४२. म आफ्नो कारोवार दर्ता खारेज गर्न चाहन्छु, मैले पहिले करकट्टी लिई सकेको सामानलाई के गर्नु पर्दछ ?**

*दर्ता खारेजीको अवस्थामा मौज्दातमा रहेका वस्तु विक्री भएको मानी कर असूल गर्नुपर्छ ।*

**४३. म अहिले एकलौटी व्यवसाय संचालन गरिरहेको छु, सो लाई कम्पनी ( प्रा.लि.) मा परिणत गर्न चाहन्छु ? के मैले अहिलेकै दर्ता नम्वर प्रयोग गर्न मिल्छ ? मैले के गर्नु पर्दछ ?**

*मिल्दैन । तपाईंले एकलौटी व्यवसाय दर्ता नम्वर खारेजीको प्रकियामा लगीकम्पनी ( प्रा.लि.) का लागि नयाँ दर्ता गर्नुपर्दछ ।*

**४४.मैले दर्ता खारेजीका लागि निवेदन आ.रा.का. मा दर्ता गराइ दर्ता खारेजीको अवस्थामा भर्नुपर्ने कर विवरण (अनुसूची -११) भरी बुझाइ सकेको छु,के मैले मेरो दर्ता खारेज भएको मान्न मिल्छ ?**

*कार्यालयले दर्ता खारेज भएको जानकारी नदिएसम्म दर्ता खारेज भएको मान्न मिल्दैन ।तर कार्यालयले ३ महिनासम्म जानकारी दिएन भने दर्ता खारेज भए सरह हुन्छ ।*

**४५. मैले दर्ता खारेजीको लागि निवेदन दिइ सकेको छु, तर कार्यालयले दर्ता खारेज भएको जानकारी मलाई दिएको छैन ? यस्तो अवस्थामा के हुन्छ ?**

*तपाईंले दर्ता खारेजीको अवस्थामा भर्नुपर्ने कर विवरण (अनुसूची -११) भरी बुझाइ सक्नु भएको छ भने विवरण बुझाइ रहनु पर्दैन । तर कार्यालयले दर्ता खारेज भएको जानकारी नदिएसम्म दर्ता खारेज भएको मान्न मिल्दैन ।*

**४६. मैले VAT दर्ता खारेज गरि सकेको छु, अब फेरि म सोही व्यवसाय गर्न चाहन्छु, मैले के गर्नु पर्दछ ?**

*तपाईंले* **VAT** *मात्र दर्ता खारेज गर्नु भएको हो भने VAT दर्ताका लागि निवेदन दिनुपर्दछ । तर स्थायी लेखा नम्बर* **PAN** *पनि स्थगन गराउनु भएको छ भने पुरानो स्थायी लेखा नम्बर ( PAN) राखी दर्ताका लागि सबै प्रकिया पुरा गर्नु पर्दछ ।*

**४७. मैले आ.रा.का.विराटनगरबाट स्थायी लेखा नम्बर (PAN) पनि स्थगन गराई VAT दर्ता खारेज गरि सकेको छु, अब फेरि म सोही व्यवसाय आ.रा.का.पोखराको कार्यक्षेत्र (दमौली) बाट गर्न चाहन्छु, अब मैले कहाँ सम्पर्क गर्नुपर्दछ, के गर्नु पर्दछ ?**

*तपाईंले आ.रा.का.पोखरामा सम्पर्क गरी पुरानो स्थायी लेखा नम्बर PAN राखी दर्ताका लागि सबै प्रकिया पुरा गर्नु पर्दछ ।*

**४८. म हाल आ.रा.का.विराटनगरको करदाता हुँ । म आफ्नो कारोवार बिरगन्ज सार्न चाहन्छु, मैले के गर्नुपर्दछ ?**

*तपाईंले कारोबार दर्ता गरेको निकायबाट कारोवारको स्थान परिवर्तन गराई आफू दर्ता रहेको कार्यालयमा निवेदन दिनु भएमा सो कार्यालयले बाँकी बक्यौता केही भए सो लिई फाइल सार्ने निर्णय गरी तपाईंको फाइल आ.रा.का. बिरगन्ज पठाई सो को जानकारी विभागलाई दिनेछ र विभागले कम्प्युटर अभिलेखमा समेत स्थान परिवर्तन गरिदिनेछ ।तर Joint Venture/Global ठेक्का र उद्योगको हकमा विभागको पूर्व स्वीकृती लिएर मात्र कार्यालयले स्थान परिवर्तन गरिदिनेछ ।*

**४९. म मू.अ.करमा दर्ता हुनु पूर्व म सँग कर तिरी खरीद गरेको केही सामान मौज्दातमा छ, यस्तो सामानको कर कट्टी दावी गर्न मिल्छ ? मिल्छ भने कसरी गर्ने ?**

*मिल्छ । करदाताले आफू दर्ता हुंदाका बखत मौज्दातमा रहेका वस्तुमा लागेको कर कट्टी गर्नको लागि नियमावलीको अनुसूची - १६ बमोजिमको ढांचामा कर अधिकृत समक्ष निबेदन दिनु पर्छ । यसरी कर कट्टीको दाबी गर्दा कर तिरेको बिजकहरू र अन्य प्रमाण कागजातहरू दर्ता भएको १५ दिनभित्र पेश गरी सक्नु पर्दछ ।*

*करदाताद्धारा गरिएको दाबी उपर कर अधिकृतले छानबिन गरी स्वीकृत भए पछि मात्र करदाताले कर कट्टीको सुबिधा पाउंदछ ।*